बि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष ४४ अंक २६३ | २०८२ माघ २८ गते बुधबार, नेपाल सम्वत् ११४६ February 11, 2026 | पृष्ठ ४ | मूल्य : रू. ५/-






**सिंचाईका लागि कुलो निर्माण** : तनहुँको भानु नगरपालिका–८ को बेलटारस्थित खेतमा सिंचाईका कुला निर्माण गरिदै । यहाँको बरिब १२५ रोपनी क्षेत्रफलको खेतलाई सिंचाईका लागि राष्ट्रिय कृषि आधुनिकिकरण परियोजना कार्यान्वयन इकाई वरादीको एक लाख ६५ हजार रूपैयाँ र तीस हजार रूपैयाँ बराबरको जनश्रमदानबाट उक्त कुलो निर्माण गरिन लागिएको हो । *तस्विर : भञ्ज्याङ*

## कोत्रेमा सवारी दुर्घटनामा चार जना घाइते

**भञ्ज्याङ समाचारदाता**/तनहुँ

पृथ्वीराजमार्ग अन्तर्गत तनहुँको शुक्लागण्डकी नगरपालिका–२ कोत्रेस्थित नर्सरीमा मंगलबार दिउँसो सवारी दुर्घटना हुँदा चार जना घाइते भएका छन् ।



दुलेगौडाबाट पोखरातर्फ जाँदै गरेको बागमती प्रदेश ०२–०६४ प ०७८३ नम्बरको मोटरसाइकल र विपरित दिशाबाट आउँदै गरेको ग १ ज ४६६७ नम्बरको ट्याक्सी ठक्कर खाँदा चार जना घाइते भएका हुन् । ट्याक्सी पछाडि सरेर ध१ज ६२४ नम्बरको सामान बोक्ने जीपसँग पुनः ठक्कर खाएको थियो ।

घाइते हुनेमा ट्याक्सी चालक मकवानपुरको राक्सीडाँडा गाउँपालिका–१ घर भइ हाल कास्की पोखरा महानगरपालिका–५ मालेपाटन बने ३८ वर्षीय सन्देश गोले, मोटरसाइकल चालक कास्कीको पोखरा महानगरपालिका–१४ चाउथे बस्ने १८ वर्षीय समेशकुमार थापा, ट्याक्सीमा सवार तनहुँको व्यास नगरपालिका–१ भादगाउँ बस्ने ४८ वर्षीया इन्दिरा दरै र निजका छोरा २७ वर्षीय हेमन्त दरै रहेको प्रहरी नायब उपरिक्षक श्रवणकुमार विकले जानकारी दिए।

ट्याक्सी चालकको पश्चिम क्षेत्रीय अस्पतालमा र अन्य तीन जनाको आविष्कार अस्पताल पोखरामा उपचार भइरहेको तनहुँ प्रहरीले जनाएको छ ।

## नेकपाको चुनावी घोषणापत्र : महत्वाकाङ्क्षी योजना कार्यान्वयन र जनजीविकाका सबाल सम्बोधनको प्रतिबद्धता

**भञ्ज्याङ समाचारदाता**/काठमाडौं

नेपाली कम्युनिष्ट पार्टीले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनलाई केन्द्रित गरेर चुनावी प्रतिबद्धतापत्र सार्वजनिक गरेको छ। पार्टी मुख्यालय पेरिसडाँडामा मंगलबार अपराह्न पत्रकार सम्मेलनमार्फत संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले प्रतिबद्धतापत्र सार्वजनिक गर्नुभयो । प्रतिबद्धतापत्रमा केही महत्वाकाङ्क्षी योजनासमेत सार्वजनिक गरिएका छन् । भौतिक पूर्वाधार, शिक्षा, स्वास्थ्यलगायत क्षेत्रमा पाँच वर्षभित्र रणनीतिक योजना कार्यान्वयन गरेर विशेष उपलब्धि हासिल गरिने विषय उल्लेख छ ।

**आर्थिक सुधारको नयाँ चरण: समाजवाद उन्मुख अर्थतन्त्रको आधार निर्माण**

प्रतिबद्धतापत्रमा आर्थिक सुधारको नयाँ चरणलाई विशेष जोड दिइएको छ । आयात–व्यापार तथा उपभोगमुखी अर्थतन्त्रबाट उत्पादनमुखी, आत्मनिर्भर तथा समावेशी मोडलमा 'सिफ्ट' गर्ने विषयलाई प्रतिबद्धता पत्रमा समेटिएको छ । 'नयाँ चरणको आर्थिक सुधार' र सामाजिक न्यायसहितको समृद्धिलाई विशेष जोड दिएर पार्टीले स्वाधिन र समृद्ध नेपाल निर्माणको मार्गचित्र तयार गर्ने गर्ने अग्रसरता लिएको छ। राजनीतिक स्थायित्व, सुशासन र परिणाममुखी प्रशासनका लागि विशेष पहल गर्ने प्रतिबद्धता पत्रमा व्यक्त गरिएको छ । सार्वजनिक, सहकारी र निजी क्षेत्रको सहकार्यमा तीनखम्बे आर्थिक नीति अवलम्बन गरिनेछ ।




नेपालको अर्थतन्त्र गहिरो संरचनागत संकटमा फसेको उल्लेख गर्दै विगतका दशकहरूमा अपनाइएका नवउदारवादी नीतिहरूले प्रारम्भिक रूपमा केही उत्पादन र रोजगारी सिर्जना गरे पनि दीर्घकालमा अर्थतन्त्रलाई आयात–निर्भर, गैर–उत्पादनमुखी तथा असमानतापूर्ण बनाएको उल्लेख गरिएको छ ।

"व्यापार घाटा बढ्दो छ, राष्ट्रिय बजेट अनुत्पादक क्षेत्रमा खर्च भइरहेको छ, सिण्डिकेट तथा मिलेमतो संस्थागत छन्, र गरिबी तथा आर्थिक असमानता कायमै छन् । सहकारी तथा गैरसरकारी क्षेत्रमा नियमन अभावले विकृति र दुरूपयोग बढेको छ", प्रतिबद्धता पत्रमा भनिएको छ ।

संविधानले समाजवाद उन्मुख अर्थतन्त्रको परिकल्पना गरे पनि पुरानो नीतिगत ढाँचाले मौलिक हकहरूको कार्यान्वयनमा बाधा पुऱ्याएको नेकपाको निष्कर्ष छ । बदलिँदो राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशमा पुरानो मोडल व्यावहारिक र औचित्यपूर्ण नभएको भन्दै पार्टीले उत्पादन वृद्धि, रोजगारी सिर्जना, वित्तीय समावेशीता तथा आत्मनिर्भरतामार्फत सामाजिक न्यायसहितको आर्थिक समृद्धिको नयाँ चरण प्रस्ताव गरेको छ ।

**गरिबी १० प्रतिशतमा सीमित**

प्रतिबद्धतापत्रमा आगामी ५ वर्षभित्र वार्षिक १० प्रतिशतभन्दा माथिको आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्य राखिएको छ । सो अवधिमा बहुआयामिक गरिबीको दर २०.१५ प्रतिशतबाट घटाएर १० प्रतिशतमा झार्ने लक्ष्य प्रस्तुत गरिएको छ । प्राकृतिक स्रोतहरूको विवेकशील, दिगो र उत्पादनमुखी उपयोग, स्वदेशी र वैदेशिक लगानीमा वृद्धि, सामूहिकता र सहकारितामा आधारित उत्पादन प्रणालीको विकास र विस्तार, स्रोतसाधनको दक्षतापूर्ण विनियोजन, खर्च क्षमतामा उल्लेख्य वृद्धि, उत्पादन तथा रोजगारी वृद्धि, समावेशी विकास र वैकल्पिक वित्त परिचालनमार्फत आगामी पाँच वर्षभित्र (दोहोरो अंकको) १० प्रतिशतभन्दा माथिको आर्थिक वृद्धिदर हासिल गरिने उल्लेख छ

प्रतिवर्ष एक लाख ५० हजार अतिरिक्त रोजगारी थप गरी वार्षिक पाँच लाख रोजगारी सुनिश्चित गरिने, विदेशमा रहेका जनशक्तिको ज्ञान, सीप, अनुभव र पुँजीलाई

बाँकी तेश्रो पेजमा

## रामेछापमा बस दुर्घटना हुँदा १२ जनाको मृत्यु

**रासस**/रामेछाप

रामेछाप सदरमुकाम मन्थली नजिक बस दुर्घटना हुँदा १२ जनाको मृत्यु भएको छ । सो दुर्घटनामा बसका चालक सहित ८ जना घाइते भएका मन्थली अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा केशवसिंह धामीले जानकारी दिनुभयो ।



काठमाडौँबाट ओखलढुङ्गा जाँदै गरेको अरनिको यातायातको प्रदेश ०३–०१–००५ ख ९९७५ नम्बरको बस रामेछाप मन्थली नगरपालिका–६ मसानटारस्थित सडकबाट करिब एक सय मिटर तल तामाकोशी नदीमा खसेको हो ।

रामेछापका प्रहरी नायव उपरीक्षक भोला भट्टले घाइतेको खुर्कोटस्थित शुभ जीवन अस्पताल, मन्थली अस्पताल र तामाकोशी अस्पतालमा उपचार भइरहेको छ। बस चालकलाई प्रहरीले नियन्त्रणमा लिएको उहाँले बताउनुभयो । बसका बाँकी यात्रुको अझै खोजतलाश जारी रहेको प्रहरीले जनाएको छ ।

पत्रिका नआइपुगे, ग्राहक बन्नु परेमा तथा विज्ञापन प्रकाशित गर्नु परेमा ।
सम्पर्क : ०६५-५६३९०७, ९८५६०६०३७६
www.bhanjyangnews.com
E-mail : bhanjyangdml@gmail.com

## सम्पादकीय ............

www.bhanjyangnews.com

# सेवालाई सहज बनाऔं

वातावरणमैत्री क्रियाकलाप नहुँदा बाढीपहिरो, नदी कटान, डुबान जस्ता समस्या वर्षेनी बढ्दै गएका छन् । जब वर्षयाम सुरू हुन्छ तब यो समस्याले नागरिकलाई दुःखदिने गर्दछ । गण्डकी प्रदेशका कास्की, तनहुँ, मनाङ, लमजुङ, गोरखा र नवलपुर जिल्लाका बासिन्दाले पनि यो समस्या वर्षेनी झेल्दै आएका छन् । गण्डकी प्रदेशको वन निर्देशनालय अन्तर्गत रहेको भू तथा जलाधार व्यवस्थापन कार्यालय तनहुँले यी छ जिल्लामा एकीकृत जलाधार व्यवस्थापनका कार्यक्रम सञ्चालन गर्दै आएको छ । प्रदेश र संघ सरकारबाट तोकिएर आएका कार्यक्रमबाट कार्यालयले महत्वपूर्ण र संवेदनशील जलाधार क्षेत्रको एकिकृत संरक्षणका माध्यामबाट खेतीयोग्य भूमिको संरक्षण तथा उत्पादकत्व बृद्धि गरी जनताको सम्मृद्धिमा टेवा पुऱ्याउने काम गर्दै आएको छ । भिरालो पहाड, मनसुनी वर्षाको किसिम, भू उपयोगको परिस्थिति, जलवायु परिवर्तनको पक्षलाई ध्यान नदिइकन ग्रामीण सडक विस्तार, डोजारे विकास, अव्यवस्थित रूपमा सडक खन्ने प्रवृत्ति, सडक खनि भिर पाखामा अव्यवस्थित रूपमा माटो फाल्ने जस्ता कार्यले विपद निम्त्याउन थालेको छ ।

यस्ता कार्यले वर्षादको समयमा आउने बाढीपहिरो, नदी कटानका कारण गाउँबस्तिनै विस्थापित हुनुपर्ने अवस्था छ । खेती योग्य जमिन पनि नदी कटानको चपेटमा पर्ने गरेका छन् । प्राकृतिक विपदजन्य घटना बढ्दै जाँदा यसको रोकथाम तथा नियन्त्रणमा काम गर्दै आएको भू तथा जलाधार व्यवस्थापन कार्यालयले प्रदेशका छ वटा जिल्लामा काम गरेपनि अन्य निकायबाट साथ सहयोग नपाउँदा प्रभावकारी बन्न नसकेको पीडितहरू बताउँछन्। जिल्लामै सम्बन्धित कार्यालय नहुँदा लामो समय खर्चिएर कार्यालय धाउनुपर्ने र कार्यालयले पनि समयमै प्रभावकारी रूपमा सेवा प्रवाह गर्न नसक्दा क्षति व्यहोर्नुपरेको प्रभावित क्षेत्रका बासिन्दाको गुनासो छ । वातावरणमैत्री क्रियाकलाप नहुँदा सतहको पानीको व्यवस्थापन, सतहमुनीको पानीको श्रोत नासिने, पानीको मुहान सुक्दै जानु लगायतका कारण बस्ती स्थान्तरण समेत हुन थालेका छन् । बस्ति विकासको आधारमा सडक विस्तार हुनुपर्नेमा त्यो हुन सकेको छैन । बाटोको छेऊछाउमा बसाई सर्ने प्रवित्तीका कारण नयाँ बस्ती विकास हुँदै गएका छन् ।

ग्रामीण क्षेत्रका उर्वर भूमि बाँझिदै गएका छन् । तराई तथा बेसिका जग्गामा प्लटिङ कार्य र बस्ति बढ्दै जाँद भू स्वरूप बिग्रिदै गएको छ । भू उपयोग प्रणाली वैज्ञानिक रूपमा अगाडि बढ्न नसक्दा भू संरक्षणमा असर पर्नुका साथै जलाधार क्षेत्रको संवेदनशिलता र जलाधार क्षेत्रको स्वरूपपनि बिग्रदै गएको छ । ग्रामीणस्तरको जिविकोपार्जन तथा राष्ट्रिय आम्दानीमा समेत यस्ता कार्यले दीर्घकालिन रूपमा असर पार्ने खतरा बढेको छ । भू तथा जलाधार संरक्षण तथा पहिरो नियन्त्रण र रोकथाम एवं न्यूनिकरणका लागि कार्यालयले विभिन्न जातका विरूवाहरू समेत जनतालाई निःशुल्क वितरण गर्ने गरेको छ । बाँस, विभिन्न प्रजातिका डालेघाँस, फुलफूल लगयातका विरूवाहरू उत्पादन गरी वितरण, सिंचाईका लागि कुलो नहर निर्माण, पहिरो, नदी कटान रोकथाम तथा नियन्त्रणका कार्यक्रमले सेवाग्राहीले लाभ पनि लिएका छन् ।

गण्डकी प्रदेशका प्रमुख नदीहरू मध्ये मुख्य रूपमा सेती, मर्स्याङदी, बुढीगण्डकी, कालीगण्डकी र नारायणी नदीका १२ हजार १७८ दशमलव ७ वर्ग किलोमिटर क्षेत्रमा प्रदेश तथा केन्द्रीय सरकारका कार्यक्रमहरू सम्पादन गर्दै आएको छ । कार्यालयमा १२ जना बहुविषय प्राविधिकको दरबारन्दि कार्यालयको कार्यक्षेत्र धेरै र सेवाग्राहीका माग बढि भएकाले सहज रूपमा कार्यक्रम सञ्चालन गर्न कठिनाई झेल्दै आएको छ । यस्तै, कार्यालयले सिधै बजेट नपाउने र नेता तथा मन्त्रीहरूको मागमा आधारित रही तोकिएर कार्यक्रम आउँदा सम्पादन गर्न विभिन्न चुनौती झेलेको छ । तोकिएर कार्यक्रम आउँदा जनताको आवश्यकाता भन्दा फरक हुनेहुँदा प्रभावकारी, जनमुखी, जनताको प्रत्यक्ष सहभागिता, जलाधार मैत्री बन्न नसकेको कार्यालयले बताउने गरेको छ ।

प्रदेशको आधा भन्दा बढी भू–भाग यस कार्यालयको कार्य क्षेत्र रहेको छ । भौगोलिक हिसाबले भिरालो भू भाग, कमजोर भूबनोट, भौगर्भिक स्थिति, भूकम्पीय कम्पन, छोटो समयमा हुने अधिक एवं असमानुपातिक वर्षा, वनजंगलको विनास, छाडा चरिचरन, अवैज्ञानिक भू–उपयोग, भू–संरक्षण एवं वातावरणीय सोच विना विकास निर्माण कार्यका गर्ने गरिएको छ । जथाभावी खनिने ग्रामीण सडक, वर्षात्को भल पानीको उचित व्यवस्थापन नहुँदा र जनचेतनाको कमीका कारण भूक्षय, बाढी, पहिरो र नदी कटानका समस्याहरू बढ्दै गएका छन् । ढुंगा, गिट्टी, वालुवाजस्ता नदीजन्य प्राकृतिक श्रोतहरूको अधिक दोहन आदि प्रमुख चुनौती र समस्याका रूपमा रहेका छन् ।

# निर्वाचनमा मतदाताको जिम्मेवारी र भूमिका

आगामी फागुन २१ ग्ते प्रतिनिधिसभाका सदस्यको निर्वाचन हुँदैछ । नेपालको वर्तमान संविधानको धारा, २४५ र २४६ मा निर्वाचन आयोगको गठन र काम कर्तव्यबारे उल्लेख छ । यो संवैधानिक आयोग हो। यो सरकार मातहतको निकाय नभएर अधिकार सम्पन्न स्वतन्त्र निकाय हो। यसले स्वच्छ, स्वतन्त्र, निष्पक्ष र विश्सनीय निर्वाचन गराउँछ । यसर्थ, १८ वर्ष उमेर पुगेका आम मतदाताले निर्वाचन आयोगले सम्पन्न गराउने निर्वाचनमा सहभागी भई नागरिकको कर्तव्यपालना गर्नुपर्छ । निर्वाचन आयोगको मुख्यालय काठमाडौँमा छ । सातै प्रदेश र ७७ वटै जिल्लामा यसका कार्यालयहरु छन् । यसर्थ, आफूलाई द्विविधा भएको विषयमा ती कार्यालयमा सम्पर्क राख्न सकिन्छ ।

आयोगले सञ्चालन गरेको 'कल सेन्टर' र आयोगको 'वेबसाइट'बाट पनि भरपुर सूचना हासिल गर्न सकिन्छ । आगामी फागुन २१ गते प्रतिनिधिसभाका २७५ जना सदस्य छनोटका लागि निर्वाचन हुँदैछ । यसमा ७७ जिल्लाबाट १६५ जना प्रत्यक्ष रूपमा निर्वाचित हुन्छन् भने ११० जना समानुपातिक निर्वाचनबाट निर्वाचित हुने कानुनी व्यवस्था छ । यसरी हामी मतदाताले एकै पटक प्रत्यक्ष र समानुपातिक गरी दुईवटा मतपत्रमा आफ्नो मत हाल्नुपर्छ ।

प्रत्यक्षतर्फको मतदानबाट सर्वाधिक मत ल्याउने उम्मेदवार विजयी हुन्छन् तर समानुपातिकतर्फ राजनैतिक दलको चुनाव चिह्नमा मत खसाएपछि सो को राष्ट्रियस्तरमा मतगणना भई मत संख्याका आधारमा समानुपातिक तर्फका उम्मेदवार निर्वाचित हुन्छन् । यसरी हामी मतदाताले एउटा मतपत्रमा प्रत्यक्षतर्फ मतदान गरी आफूले मतदान गरेको उम्मेदवार विजयी भए वा पराजित भए भनी मत गणनापछि जानकारी पाउछौँ ।

समानुपातिक तर्फको मतदानबाट कुन उम्मेदवार विजयी भए वा कुन उम्मेदवार पराजित भए भनी मतदातालाई प्रत्यक्ष जानकारी हुँदैन। तर, निर्वाचनपछि निर्वाचन आयोगले कुन दलबाट को–को समानुपातिक उम्मेदवार विजयी भए भनी जानकारी गराउँछ । यसरी प्रत्यक्ष निर्वाचनबाट हामी मतदाताले व्यक्तिको छनोट गर्दछौँ भने समानुपातिक मतदानबाट राजनैतिक दलको छनोट गर्दछौं भनी हेक्का राख्नुपर्छ।

नेपालको नागरिकताको प्रमाणपत्र भएको व्यक्ति १८ वर्ष पूरा भएपछि निर्वाचन आयोगको प्रक्रियाअनुसार मतदाता नामावलीमा सूचीकृत हुनुपर्छ । यसपछि आफ्नो फोटोसहितको मतदाता परिचयपत्र बन्छ। आगामी फागुन २१ गतेको निर्वाचनमा मतदान गर्न जाँदा सोही परिचयपत्र लिएर जानुपर्छ । सामान्यतः मतदान गर्न जाँदा नागरिकताको प्रमाणपत्र, लालपुर्जा, सवारीचालक अनुमतिपत्र, आफू कार्यरत कार्यालयको परिचयपत्र वा राहदानी लिएर जानु पर्दैन ।

निर्वाचन आयोगले जारी गरेको मतदाता परिचयपत्र समयमै खोजेर ठिक्क पार्नुपर्छ। तर मतदाता नामावलीमा नाम समावेश भएको र कुनै कारणवश मतदाता परिचयपत्र फेला नपरेमा माथिका पाँचवटामध्ये कुनै एउटा कागजातको सक्कलै लिएर जाँदा मतदान गर्न पाइने व्यवस्था छ । यस्ता कुराको जानकारीका लागि निर्वाचन आयोगले मतदाता जागरण कार्यक्रम सञ्चालन गर्छ। यसमा सहभागी भई निर्वाचनसम्बन्धी अधिक कुरा जान्नुपर्छ। यस्तो कार्यक्रममा सहभागी हुन नसके निर्वाचन आयोगको वेबसाइटबाट पनि आवश्यक सूचनाहरु सङ्कलन गर्न सकिन्छ।

निर्वाचनको दिन सवारीसाधन चलाउन पाइन्न । सो दिन सार्वजनिक यातायात सञ्चालन हुँदैन । यसर्थ, आफ्नो मतदान केन्द्र कहाँ परेको छ भनी मतदान हुनु पहिल्यै जानकारीमा राख्नुपर्छ।

मतदान गर्ने समय बिहान ८ बजे आरम्भ भई बेलुकी ५ बजे समाप्त हुन्छ । यसर्थ, समयमै मतदाता परिचयपत्र लिएर मतदान केन्द्रमा पुग्नुपर्छ । त्यहाँ सर्वप्रथम आफ्नो नाम भिडाउनुपर्छ । महिला र पुरूषको लाइन भिन्दाभिन्दै हुन्छ । मतदानस्थलमा प्रवेश गर्ने द्वार र बाहिरिने ढोका फरक हुन्छ ।

मतदान केन्द्रको वरिपरि होहल्ला गर्न निषेध हुन्छ । यसर्थ, मतदान गरिसकेपछि निवासमै फर्किनुपर्छ । मतदान गर्नुपूर्व औँलामा मसी लगाएर मतपत्र प्राप्त हुन्छ। सो मतपत्रमा निर्वाचन आयोगले दिएको स्वस्तिक छाप लगाई मसी लतपत नहुने गरी पट्याएर बाकसमा खसाल्नुपर्छ । आफूले मतदान गरेको कसैले पनि देख्दैनन्। त्यहाँ सिसी क्यामरा जडान भएको हुँदैन तर मतपत्र भने सबैले देख्ने गरी बाकसमा खसाल्नुपर्छ । यी सबै कार्यको फोटो खिच्न निषेध हुन्छ। यसर्थ, मतदानस्थलमा मतदाता परिचयपत्रको अलावा अन्य अनावश्यक सामग्री साथमा लिएर जानु हुँदैन । मतदानस्थलमा जाँदा आफूलाई मन परेको उम्मेदवार वा राजनैतिक दलको प्रचार हुने लुगा लगाउन वा कुनै प्रकारको सङ्केत गर्न पाइन्न । यसरी हरेक मतदाताले सभ्य नागरिकको परिचय दिन पछि पर्नु हुँदैन ।

मतदान केन्द्रमा पूर्णत सुरक्षा प्रदान गरिएको हुन्छ। त्यहाँ स्वयंसेवक खटिएका हुन्छन्। साथै, उम्मेदवारका प्रतिनिधि पनि हुन्छन् । निर्वाचनमा खटिएका कर्मचारीसमेत हुने हुँदा आवश्यक सहयोग लिन सकिन्छ। निर्वाचनमा कुन उम्मेदवार र राजनैतिक दल छान्ने भन्ने आफ्नो नैसर्गिक अधिकार हो। यसमा विवेक पुऱ्याएर मतदान गर्नुपर्छ। मतपत्रमा स्वस्तिक चिह्न प्रयोग गर्दा आफ्नो मत बदर नहुने गरी ध्यान पुऱ्याएर छाप हान्नुपर्छ । गोप्य मतदान केन्द्रमा हडबड नगरी समय लिनुपर्छ । यसमा कुनै समयसीमा तोकिएको छैन । मतदान गरेपछि वा गर्नुअघि आफन्त वा चिनजानका व्यक्तिसँग मतदानका विषयमा छलफल गर्न सकिन्छ। तर, मेरो मत यस उम्मेदवारमा जान्छ वा यस उम्मेदवारलाई मतदान गरैँ भनी सार्वजनिक रूपमा प्रकट गर्नु पर्दैन । यो भने पनि पुष्टि गर्ने आधार कसैसँग पनि हुँदैन । कारण स्वस्तिक चिह्न प्रयोग गरेको मतपत्र सार्वजनिक गर्न पाइन्न । मतपत्रमा स्वस्तिक चिह्न हानेपछि सोको फोटो खिच्न पनि पाइन्न। यी सबै कुरा आचारसंहिताभित्र पर्दछन् ।

यहाँनेर एउटा प्रश्न उठ्छ, मतदान किन गर्ने ? सबै मतदान गर्न जाँदैनन्, म पनि नगए के फरक पर्ला ? यो गम्भीर प्रश्न हो । आम मतदाताले संविधान र कानुन एवं असल नागरिकको कर्तव्य भुल्नु हुँदैन । वर्तमान नेपालको संविधानले मुलुकको सार्वभौमसत्ता नेपाली जनताको काँधमा सुम्पिएको छ । यो भनेको आफ्नो शासन आफैँद्वारा आफैँलाई गर्ने हो । यस खातिर प्रतिनिधिसभालगायतको निर्वाचन हुन्छ । आगामी फागुन २१ गते प्रतिनिधिसभाका सदस्यहरूको निर्वाचन हुँदैछ । सो प्रतिनिधि सभाबाट प्रधानमन्त्रीको नियुक्तिका लागि मतदान हुन्छ । यसरी मुलुकको शासन सञ्चालनको जिम्मेवारी लिने जनप्रतिनिधिको छनोटमा हामी सबै सहभागी हुनुपर्छ । यो हरेक बालिग नागरिकको कर्तव्य हो ।

निर्वाचनमा हुने फजुल खर्च हुने गरेको छ । यसमा सर्वसाधारण सजग हुनुपर्छ। राजनैतिक दल र उम्मेदवारको गतिविधिले घरभाडा वृद्धि हुन्छ । निर्वाचनको मुखमा अनावश्यक भ्रमण गर्दा यातायातको भाडा दर महङ्गो हुनसक्छ। यस बखत होटलका कोठा, रेष्टुरेन्ट र मोटर भाडा पनि महँगिन्छ। यसर्थ, आन्तरिक पर्यटनमा निस्किँदा यी कुराको पनि ख्याल गर्नुपर्छ। निर्वाचनको समयमा खाना, खाजा, माछा, मासु, खाद्य सामग्रीको खपत पनि बढ्छ। माग र आपूर्तिको सामञ्जस्यता नमिल्दा

बाँकी तेश्रो पेजमा

> नेपालको नागरिकताको प्रमाणपत्र भएको व्यक्ति 18 वर्ष पूरा भएपछि निर्वाचन आयोगको प्रक्रिया अनुसार मतदाता नामावलीमा सूचीकृत हुनुपर्छ। यसपछि आफ्नो फोटोसहितको मतदाता परिचयपत्र बन्छ। आगामी फागुन 21 गतेको निर्वाचनमा मतदान गर्न जाँदा सोही परिचयपत्र लिएर जानुपर्छ।

**कृष्णहरि बास्कोटा**



## तपाईंको आज

| राशि | |
|---|---|
| **मेष** | अवसरलाई पछ्याउन नसक्दा व्यवहारमा पछि परिनेछ। बेसुरमा बोल्ने बानीले गोपनीयता भंग हुन सक्छ। |
| **वृष** | प्रगतिमा ईर्ष्या गर्नेहरूले पनि अवरोध पुर्याउन सक्छन्। नयाँ योजना प्रारम्भ गर्न उपयुक्त साइत पर्खनुहोला। |
| **मिथुन** | कर्मयोगले नयाँ मोड लिनेछ भने पुरूषार्थी काम सम्पादन गर्न सकिनेछ। प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। |
| **कर्कट** | समस्या दर्साउँदा अभिभावक तथा शुभचिन्तकहरूले साथ दिनेछन्। बुद्धिको उपयोगले लक्ष्यनजिक पुग्न सकिनेछ। |
| **सिंह** | कर्मयोगबाट मनग्य आम्दानी भित्र्याउने अवसर प्राप्त हुनेछ। आवश्यक भौतिक साधन जुट्नेछन्। |
| **कन्या** | मिहिनेतले सम्मानित स्थान दिलाउनेछ। कला, गला र अभिव्यक्तिले धेरैको मन जित्ने समय छ। |
| **तुला** | रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त होला। विशिष्ट व्यक्तिहरूसँग भेटघाट हुनेछ। |
| **वृश्चिक** | लक्ष्मीको कृपा प्राप्त हुनाले मनग्य धन लाभ हुनेछ। व्यापारमा लाभांश बढ्नाले मन उत्साहित हुनेछ। |
| **धनु** | अध्ययनमा राम्रै प्रगति हुनेछ। नयाँ ज्ञान सिक्ने समय छ। श्रमको उच्च मूल्यांकन हुनाले आम्दानी बढ्नेछ। |
| **मकर** | रोग तथा शत्रुमाथि विजय प्राप्त गर्न सकिनेछ। दिगो फाइदा हुने काममा जग बसाउने मौका छ। |
| **कुम्भ** | आँट र पराक्रमले काममा सफलता प्राप्त हुनेछ। व्यवधान पन्छाएर अधिकार स्थापित गर्न सकिनेछ। |
| **मीन** | आम्दानी राम्रो भए पनि सुविधाका लागि खर्च बढ्न सक्छ। प्रगतिमा ईर्ष्या गर्नेहरूले दुःख दिनेछन्। |

# सरकारले चालु आर्थिक वर्षको आय-व्ययको अनुमान घटायो

**रासस**/काठमाडौं

चालू आर्थिक वर्ष २०८२/८३ को बजेटको अर्धवार्षिक समीक्षामार्फत सरकारको आय र व्ययको अनुमान घटाइएको छ । अर्थ मन्त्रालयले मंगलबार चालु आर्थिक वर्षको बजेटको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन सार्वजनिक गर्दै आम्दानी र खर्च दुवैको अनुमान घटाएको हो। चालु आर्थिक वर्षका लागि सरकारले रू १९ खर्ब ६४ अर्ब ११ करोड बराबर बजेट विनियोजन गरेको थियो। जसमध्ये चालुगततर्फ रू ११ खर्ब ८० अर्ब ९८ करोड, पुँजीगत शीर्षकमा रू चार खर्ब सात अर्ब ८८ करोड ८० लाख र वित्तीय व्यवस्था शीर्षकमा रू तीन खर्ब ७५ अर्ब २४ करोड २० लाख बराबर सुरूआती विनियोजन रहेको थियो ।

संशोधित अनुमानअनुसार यस वर्ष चालु खर्च रू ११ खर्ब २५ अर्ब ९७ करोड ९४ लाख, पुँजीगत खर्च रू दुई खर्ब ४३ अर्ब ३० करोड ३४ लाख र वित्तीय व्यवस्था रू तीन खर्ब १९ अर्ब चार करोड ३९ लाख बराबर मात्रै खर्च हुने देखिएको छ। कुल बजेट खर्च रू १६ खर्ब ८८ अर्ब ३२ करोड ६७ लाख खर्च हुने संशोधित अनुमान छ । यो रकम सुरू विनियोजनको ८५ दशमलव ९६ प्रतिशत हो । अर्थात् सुरूआती विनियोजनको तुलनामा कुल संशोधित बजेट खर्च १४ दशमलव ०६ प्रतिशत बिन्दुले घट्ने देखिएको छ ।



चालु आर्थिक वर्ष २०८२/८३ मा कुल बजेट १९ खर्ब ६४ अर्ब ११ करोडमध्ये रू १४ खर्ब ८० अर्ब राजस्व स्रोत परिचालन हुने अनुमान रहेको छ । उक्त कुल अनुमानित राजस्वमध्ये संघीय सरकारको बजेट प्रयोजनका लागि रू १३ खर्ब १५ अर्ब प्रयोग हुने र बाँकी रू एक खर्ब ६५ अर्ब राजस्व बाँडफाँटको माध्यमबाट प्रदेश र स्थानीय तहमा हस्तान्तरण हुने अनुमान छ । यसअनुसार संघीय सरकारको कुल बजेटमा राजस्वको योगदान करिब ६७ दशमलव ४९ प्रतिशत रहने अनुमान छ ।

चालु आर्थिक वर्ष २०८२/८३ को राजस्व प्राप्तिको अनुमानमा कर राजस्वको अंश रू १३ खर्ब २५ अर्ब ५८ करोड ३९ लाख अर्थात् ८९ दशमलव ५७ प्रतिशत र अन्य राजस्व (गैरकर) को अंश रू एक खर्ब ५४ अर्ब ४१ करोड ६१ लाख अर्थात् १० दशमलव ४३ प्रतिशत रहेको छ । यसमा प्रत्यक्ष कर रू चार खर्ब सात अर्ब दुई करोड ९२ लाख र अप्रत्यक्ष कर रू नौ खर्ब १८ अर्ब ५५ करोड ४५ लाख रहेको छ । यस हिसाबले हेर्दा जम्मा कर राजस्वमा प्रत्यक्ष करको हिस्सा ३० दशमलव ७० प्रतिशत र अप्रत्यक्ष करको हिस्सा ६९ दशमलव ३० प्रतिशत रहेको छ ।

चालु आर्थिक वर्षमा ६ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्ने र उपभोक्ता मुद्रास्फीतिलाई साढे पाँच प्रतिशतमा सीमित राख्ने लक्ष्यका साथ बजेटको संशोधित अनुमान गरिएको अर्थ मन्त्रालयले जनाएको छ । गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनपश्चात् सिर्जना भएको असामान्य परिस्थिति, आयोजनाको पुनः प्राथमिकीकरण र खर्च कटौती गर्ने मन्त्रिपरिषद्को निर्णयलाई संशोधित अनुमानको आधार मानिएको छ ।

त्यस्तै, आगामी प्रतिनिधि सभाको निर्वाचन खर्च, सामाजिक सुरक्षा, कर्मचारीको महँगी भत्ता र आन्दोलनका घाइते तथा मृतकका परिवारलाई दिनुपर्ने राहतका कारण चालु खर्चमा चाप बढेको प्रतिवेदनमा उल्लेख छ ।

"आयोजनाको पूर्वतयारीको अभाव, जग्गा प्राप्ति र वन क्षेत्रको प्रयोगमा जटिलता र निर्माण व्यवसायीलाई भुक्तानीमा भएको ढिलाइले गर्दा पुँजीगत खर्चको गुणस्तर अपेक्षाकृत सुधार हुन सकेको छैन", प्रतिवेदनमा भनिएको छ। आन्दोलनबाट क्षतिग्रस्त भौतिक संरचनाको पुनर्निर्माण, निर्माणाधीन रणनीतिक आयोजनाको भुक्तानी र अनिवार्य दायित्व (तलब, भत्ता, पेन्सन)लाई खर्चको मुख्य प्राथमिकतामा राखिएको जनाइएको छ ।

पूर्वतयारी नभएका, टुक्रे आयोजना र प्रतिफल सुनिश्चित नभएका अनुत्पादक कार्यक्रमहरूको बजेट रोक्का गरी प्राथमिकता प्राप्त आयोजनामा रकमान्तर गर्ने नीति लिइएको पनि अर्थ मन्त्रालयले जनाएको छ । त्यस्तै, बैठक भत्ता उपलब्ध नगराउने, बाह्य परामर्श सेवा नलिने, वैदेशिक भ्रमण नियन्त्रण गर्ने र नयाँ दरबन्दी सिर्जना नगर्ने जस्ता उपायहरूद्वारा चालु खर्च नियन्त्रण गर्ने लक्ष्य राखिएको उल्लेख छ ।

आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि सुरक्षा निकाय र निर्वाचन आयोगलाई आवश्यक पर्ने बजेटको स्रोत सहमति र व्यवस्थापनलाई उच्च प्राथमिकता दिइएको छ । वैदेशिक सहायता प्राप्तिमा देखिएको न्यूनता र राजस्व सङ्कलनको चापलाई मध्यनजर गर्दै आन्तरिक स्रोत (राजस्व र आन्तरिक ऋण)को अधिकतम उपयोग गरी बजेट सन्तुलन कायम गर्न खोजिएको पनि अर्थ मन्त्रालयले जनाएको छ। बजेट प्रणालीलाई नतिजामुखी बनाउन आयोजना बैंको कार्यान्वयन, डिजिटल भुक्तानी प्रणालीको विस्तार र सार्वजनिक खरिद कानुनमा समसामयिक सुधार गरिने जनाइएको छ ।

bhanjyangnews.com

# गाईभैंसी खरिद गर्न अनुदान

**रासस**/पर्वत

मोदी गाउँपालिकाले व्यावसायिक रुपमा दूध उत्पादनका लागि उन्नत जातका गाईभैंसी खरिद गर्न किसानलाई अनुदान दिने भएको छ । आर्थिक अभावका कारण व्यवसाय सुरू गर्न नसकेका तथा निरन्तर व्यवसाय गर्दै आएका किसानलाई प्रोत्साहन गर्न अनुदान वितरण गरिने भएको हो। गाउँपालिकालाई दूध उत्पादनमा आत्मनिर्भर गराउँदै व्यावसायिक किसानको जीवनस्तरमा सुधार ल्याउने उद्देश्यले यस वर्षदेखि गाईभैंसी खरिदमा अनुदान दिन लागिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत बाबुराम पुरीले जानकारी दिनुभयो ।

प्रशासकीय अधिकृत पुरीका अनुसार प्रति एक गाई वा भैंसी खरिद गर्ने किसानलाई रू २५ हजार अनुदान दिइने छ । कुनै सहकारी, सामूहिक वा व्यक्तिगत व्यावसायिक फार्म तथा पालिकाभित्रका जुनसुकै किसानले पनि अनुदान लिनसक्ने छन् । अनुदान लिन सम्बान्धित वडा कार्यालयको सिफारिस, तोकिएको निवेदन र परियोजना प्रस्ताव, नागरिकताको प्रतिलिपि, व्यवसाय सञ्चालनका लागि जग्गा करारमा लिएको कम्तीमा पाँच वर्षको सम्झौतापत्र वा जग्गाधनी पुर्जा उपलब्ध गराउनुपर्ने गाउँपालिकाारा प्रकाशित सूचनामा उल्लेख छ ।

बढ्दो युवा पलायन, बाँदर आतङ्क, बजार अभावलगायत कारणले कृषि तथा पशुपालन व्यवसायमा लाग्ने किसानको संख्या न्यून हुँदै गएका बेला यसतर्फ आकर्षित गर्न यो कार्यक्रमबाट प्रोत्साहन मिल्ने मोदी गाउँपालिकाका अध्यक्ष हिरादेवी शर्माले बताउनुभयो । उहाँले गाईभैंसी खरिद गर्न माग बढ्दै गएमा अर्को वर्ष लगायी बढाउँदै जाने बताउनुभयो ।

पोखरा-बागलुङ सडक तथा अधिकांश वडा तहसम्म कालोपत्र सडकको पहुँच पुगेको मोदी गाउँपालिका कृषि तथा पशुपालनका लागि उर्वर भूमि मानिन्छ । अहिले पनि बाजुङ, देउपुर, भुकताङ्ले, तिलाहारलगायत स्थानका किसानले व्यावसायिक रुपमा गाईभैंसीपालन, कुखुरापलन तथा बाख्रापालन व्यवसाय गर्दै आएका छन् ।

# निर्वाचनमा मतदाताको .......

केही मूल्य वृद्धि हुन सक्छ । यसर्थ, यस्ता घरायसी खपतका सामानको पनि समयमै जोहो गर्नु बुद्धिमानी हुनेछ । यसबखत तुल, कपडा, ल्फ्रेक्स, पर्चा, पोष्टर, पम्प्लेट कागज, छपाइ, मुद्रण, विज्ञापन, होडिङबोर्डको खपत पनि बढी नै हुन्छ । यसर्थ, निर्वाचनकै मुखमा पर्ने गरी संघसंस्थाले कार्यक्रम नगर्नु नै उचित हुन्छ । कैयौँ सरकारी कार्यक्रमहरु आचारसंहिताको कारण गर्न नपाइने पनि हुन्छ । विशेषगरी, निर्वाचनको समयमा मदिरा, चुरोट, स्थानीय रक्सी, जाँडलगायतका वस्तु पनि बढी नै खपत हुने गरेको छ । सामान्यतः यस्ता वस्तुको सेवन र उपयोग त्याग्नु नै उत्तम हुनेछ ।

अन्त्यमा, आगामी फागुन २१ गते प्रतिनिधिसभामा सदस्यहरूका लागि हुन गइरहेको प्रत्यक्ष र समानुपातिक निर्वाचनका लागि निर्वाचन आयोग र सरकारले विशेष पहल गरिरहेको छ। यसमा सघाउनु आम नागरिकको कर्तव्य हो । यथार्थमा निर्वाचनको कार्य आयोग, उम्मेदवार र राजनैतिक दलको लागि मात्रै नभई आम मतदाताका लागि पनि हो । लोकतन्त्रको प्राण नै निर्वाचन हो । यसलाई संरक्षण गर्ने जिम्मेवारी आम मतदाताको भएकाले यस कार्यमा मन, वचन र कर्मले संलग्न रहन सार्वजनिक आह्वान गरिन्छ। रासस (लेखक राष्ट्रिय सूचना आयोगका पूर्वप्रमुख आयुक्त तथा नेपाल सरकारका पूर्वसचिव हुनुहुन्छ)

उपभोक्ताहरूले खाद्य वस्तु खरिद गर्दा खाद्य पदार्थको बाहिरी आवारणको लेवलमा खुलाउनु पर्ने अनिवार्य मापदण्ड (उत्पादन मिति, उपभोग्य मिति, व्याच नम्बर, तौल/आयतन, उद्योगको पुरा नाम ठेगाना) हेरेर मात्र खरिद गरौं ।

## सुनौलो हजार दिनको यो सुनौलो यात्रामा यहाँहरूलाई आफ्ना बच्चाहरूको तौल लिनको लागि अनुरोध गर्दछौ

**महिला** : बच्चा लिएर कता लाग्नु भो त दाईभाउजु ? हरेक महिना बच्चा लिएर स्वास्थ्य चौकी गएको देख्छु त ?
**भाउजु** : के हुनु नि, बच्चाको तौल लिनको लागि प्रत्येक महिना जान्छु नि ।
**महिला** : प्रत्येक महिना तौल लिन रे ! के हुन्छ र तौल लिएर? हामीले त आफ्नो बच्चाहरूलाई केही गरेनौ त ।
**भाउजु** : बच्चा को उमेर अनुसार तौल बढेको वा न बढेको थाहा पाउन को लागि यो गर्नु पर्छ, बुझ्नु भो । अनि थाहा छ, बच्चाको उमेर अनुसार तौल बढेमात्रै उसको शारीरिक र मानसिक बिकास भएको मानिन्छ साथै तौल लिए मात्र बच्चा कुपोषित छ कि छैन भनेर थाहा पाउन सकिन्छ ।
**महिला** : कति बर्ष सम्म तौल लिनु पर्छ र ?
**भाउजु** : कम्तिमा पनि बच्चा दुई वर्ष नहुन्जेलसम्म हरेक महिना बच्चाको तौल लिनु पर्छ ।
**महिला** : पख्नुस त्यसो भए म पनि आफ्नो बच्चालाई लिएर आउछु अनि संगै जाउला .....

सुनौलो हजार दिन को यो सुनौलो यात्रामा बच्चा जन्मेदेखि दुइ बर्षसम्म हरेक महिना स्वास्थ्य संस्थामा गएर बच्चाको तौल लि बच्चाको उमेर अनुसार तौल रहेको वा न रहेको अनुगमन गर्नुहोस् ।

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
**प्रदेश जनस्वास्थ्य कार्यालय**
दमौली, तनहुँ, नेपाल

## 'नून थौरै खाऔं तर सही मात्रामा आयोडिन भएको दुई बालबालिकाको चिन्ह भएको प्याकेटको मात्र खाऔं

### शरिरले प्रयाप्त मात्रामा आयोडिन नपाएमा के हुन्छ ?

गर्भ तुहिने, मरेको बच्चा जन्मने, अविकसित दिमाग, शारीरिक विकलांग भएको बच्चा जन्मने, गलगाँड आउने, थाइरोइड सम्बन्धी रोग, मानसिक क्षमतामा कमि, शारीरिक तथा सामाजिक समस्या ।

**साथै :**

- शक्तिको कमि (निद्रा लाग्ने, अल्छि लाग्ने)
- सुस्त मनस्थिति
- शारिरीक विकास नहुने (बामपुड्के, बहिरोपन आदि)
- बोलीको विकास नहुने ।




**याद राखौ :**

१. आयोडिन हाम्रो शरीरलाई आवश्यक सुक्ष्म पोषक तत्व हो, यो हामीले खाने खानाबाट मात्र चाहिने मात्रामा पूरा नहुने हुँदा दुई बालबालिकाको चिन्ह भएको नुन मार्फत खाने कुरामा राखी खानु आवश्यक छ।
२. दैनिक रूपमा ५ ग्राम (एक चिया चम्चा) भन्दा कम दुई बालबालिकाको चिन्ह भएको प्याकेटको नून खाऔं
३. आयोडिनयुक्त नूनलाई घाम र पानीको प्रभाव नपर्ने गरी सुरक्षित तरिकाले राख्ने गरौं ।
४. आयोडिनयुक्त नून खान छोडेमा आयोडिनको कमीले हुने विकृतिहरू पुनः देखिन सक्ने हुनाले यस्तो नून घरपरिवारको दैनिक खाने खानामा नियमित रूपले प्रयोग गरौं।
५. नूनमा भएको आयोडिन जोगाउनका लागि पाकिसके पछि मात्र खानेकुरामा नून राख्ने गरौं ।

**February महिना: आयोडिन महिना**

**घिरिङ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
पोखरीछाप, तनहुँ । गण्डकी प्रदेश

## विशेषज्ञ चिकित्सकहरुद्वारा स्वास्थ्य उपचार सम्बन्धी सूचना

**फागुन ०१ गते शुक्रबार**

१) काठमाडौं गंगालाल अस्पतालका वरिष्ठ मुटुरोग विशेषज्ञ **डा. मुरारी दुङ्गाना**द्वारा स्वास्थ्य परीक्षण हुने हुँदा सम्बन्धित विरामीले उपचार सेवा लिनुहोला ।

**हाम्रा उपलब्ध सेवाहरु :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार परीक्षण गरिन्छ) ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी नि:शुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

**फागुन ०२ गते शनिबार**

१) गण्डकी मेडिकल कलेज पोखराका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर) र थाइरोइड तथा हर्मोन रोग विशेषज्ञ प्रोफेसर **डा. तिर्थलाल उपाध्याय** आउनुहुने भएकाले सम्बन्धित रोगका विरामीले उपचार सेवा लिनुहोला ।
२) पोखराका वरिष्ठ रेडियोलोजिष्ठ **डा. कृष्ण तिमिल्सेना**द्वारा भिडियो एक्स-रे सेवा उपलब्ध ।
३) गण्डकी अस्पतालमा कार्यरत सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. दिनेश शर्मा तिमिल्सेना**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ। *गर्भवती महिलाको महिनावारी जाँच, तल्लो पेट देख्ने, सेतो पानी बग्ने, पाठेघर तल झर्ने, सेतो पानीको जाँच (PAP SMEAR) गर्ने, स्तन दुख्ने र गाँठागुठी आउने, महिनावारी गडबढ हुने र महिनावरी हुँदा पेट दुख्ने आदी समस्या भएका विरामीहरूले उपचार सेवा लिनुहोला ।*

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

**मिर्लुङ पोलिक्लिनिक प्रा.लि.**
व्यास-२, अमरसिंह मार्ग, दमौली तनहुँ । फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९




**घरदैलोमा उम्मेदवार** : तनहुँ क्षेत्र नम्बर १ का प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार दीपक राज जोशी मतदातालाई घरदैलोमा भेट्दै मत माग्दै । उम्मेदवार जोशीले मंगलबार बन्दीपुर, दुईपिप्ले, डुम्रे साझबोटे, नयाँबस्ती, केबलकार बेस स्टेशन तथा विमलनगर क्षेत्रमा घरदैलो गरेका थिए । मतदातालाई प्रत्यक्ष भेटघाट गर्दै वर्तमान राजनीतिक अवस्था, सुशासनको आवश्यकता तथा तनहुँबासीले भोगिरहेका विभिन्न समस्याहरूका बारेमा विस्तृत छलफल गर्दै स्थानीयवासीहरूले रोजगारीको अभाव, स्वास्थ्य सेवाको पहुँच, गुणस्तरीय शिक्षा, सडक तथा यातायातको अवस्था, खानेपानी, कृषि तथा स्थानीय आर्थिक अवसरको अभाव जस्ता विषयमा आफ्ना गुनासा र सुझावहरू राखेका थिए । *तस्विर : भञ्ज्याङ*

# नेकपाको चुनावी घोषणापत्र: महत्वाकाङ्क्षी .....

रोजगारी-स्वरोजगारी तथा लगानीका लागि अनुकूल वातावरण बनाउन रिटर्नी उद्यमशीलता कार्यक्रम सञ्चालन गरी कम्तीमा एक लाख रिटर्नीलाई उद्यमी बनाइने प्रतिबद्धतापत्रमा समेटिएको छ ।

**आर्थिक मोडल परिवर्तनमा विशेष जोड**

प्रतिबद्धता पत्रले अर्थतन्त्रको मोडललाई आयात-निर्भर तथा उपभोगमुखीबाट उत्पादनमुखी, निर्यात प्रवर्द्धन तथा आत्मनिर्भर मोडलमा सिफ्ट गर्ने विषयलाई विशेष जोड दिएको छ। अर्थतन्त्रको मोडललाई आयात-निर्भर तथा उपभोगमुखीबाट उत्पादनमुखी, निर्यात प्रवर्द्धन तथा आत्मनिर्भर मोडलमा सिफ्ट गर्ने प्रतिबद्धता गरिएको छ। आर्थिक सुधारको नयाँ चरणलाई समाजवादका आधार निर्माणको रूपमा प्रस्तुत गर्दै यसले नेपाललाई आत्मनिर्भर तथा समृद्ध बनाउने दाबी गरिएको छ ।

**परिणाममुखी सार्वजनिक प्रशासन**

विद्यमान प्रक्रियामुखी तथा तदर्थवादी सार्वजनिक प्रशासनलाई जनउत्तरदायी, तटस्थ, पारदर्शी, प्रविधिमैत्री, परिणाममुखी तथा भ्रष्टाचारमुक्त बनाउन गरी विकास गरिने प्रतिबद्धतापत्रमा उल्लेख छ। संविधानको मर्मअनुरूप संघीयता कार्यान्वयन गर्न संघीय निजामती सेवा ऐन यथाशीघ्र जारी गर्न संसद्को पहिलो अधिवेशनबाट संकल्प प्रस्ताव पेस गरिनेछ। कार्यसम्पादन सम्झौतामा आधारित स्पष्ट तथा पारदर्शी मूल्याङ्कन प्रणाली लागू गरिनेछ ।

**आगामी दशक कृषि लगानी दशक**

आगामी दशकलाई 'कृषि लगानी दशक' घोषणा गरी सरकारी, निजी, सहकारी तथा दातृ निकायको सहभागितामा लगानी वृद्धि गर्ने प्रतिबद्धता व्यक्त गरेको छ । दुई वर्षभित्रमा धान, गहुँ, तरकारी, फलफूल, दूध, मासु, माछामा पूर्ण आत्मनिर्भरता हासिल गर्ने लक्ष्य लिइएको छ । आगामी एक वर्षभित्र सबै किसानलाई किसान परिचयपत्र वितरण गर्ने लक्ष्य प्रतिबद्धतापत्रमा उल्लेख छ। त्यसैगरी एकीकृत कृषि ऐन बनाएर एक वर्षभित्र किसान अधिकार सुनिश्चित गरिने छ ।

**पाँच वर्षमा १० हजार मेगावाट विद्युत् उत्पादन**

आगामी पाँच वर्षभित्र १० हजार मेगावाट विद्युत् उत्पादन गरिने प्रतिबद्धता व्यक्त गरिएको छ । सो अवधिमा राष्ट्रिय प्रणालीको क्षमता १५ हजार मेगावाट पुर्‍याइने छ । दीर्घकालीन लक्ष्यअन्तर्गत शतप्रतिशत हरित ऊर्जा उपयोग गर्ने देश घोषणा गर्ने लक्ष्य लिएको छ ।

**हरित जलवायु कोषको उपयोग**

सन् २०४५ सम्म शून्य कार्वन उत्सर्जन (नेट जिरो इमिसन)को लक्ष्य लिइएको छ । प्रतिबद्धता पत्रमा हरित जलवायु कोष तथा हानीनोक्सानी क्षतिपूर्तिको अधिकतम उपयोग गर्ने लक्ष्य राखिएको छ । त्यसैगरी आधुनिक प्रविधिमा आधारित विपद् व्यवस्थापन पूर्व सूचना प्रणालीको विकास गरेर जनताको जिउधनको सुरक्षा गर्ने नीति लिइएको छ । वन क्षेत्रको अवैध अतिक्रमण तथा दोहन रोक्नुको साथै रूख कटान, आगलागी र बाढीपहिरोको कारण खाली हुन गएको क्षेत्रमा नयाँ गुणस्तरीय जातको वृक्षारोपण गरी वन संरक्षण गरिने प्रतिबद्धतामा उल्लेख छ ।

**स्वास्थ्य बिमालाई शत प्रतिशत पुर्‍याइने**

स्वास्थ्य बिमा अनिवार्य तथा प्रगतिशील स्वास्थ्य बिमालाई स्वास्थ्य सुरक्षा प्रणालीको मुख्य आधार बनाएर स्वास्थ्य बिमाको आबद्धतालाई सबैलाई अनिवार्य गर्ने लक्ष्य लिइएको छ । हाल करिब ३० प्रतिशतमा सीमित रहेको स्वास्थ्य बिमालाई आगामी विसं २०८८ सम्म शत प्रतिशत पुर्‍याइने लक्ष्य राखिएको छ । गरिबीको रेखामुनि रहेका नागरिकमध्ये हाल करिब १० प्रतिशत मात्रै बिमामा समेटिएको अवस्थालाई वि.सं. २०८८ सम्म शत प्रतिशत पुर्‍याइनेछ । गरिब, अशक्त, दीर्घरोगी र ज्येष्ठ नागरिकको बिमा प्रिमियम राज्यले बेहोर्ने व्यवस्थालाई परिणाममुखी, तथ्याङ्किक र पारदर्शी बनाइनेछ। प्रतिबद्धता पत्रअनुसार स्वास्थ्य क्षेत्रलाई गुणस्तरीय, जनमुखी, समावेशी तथा दिगो बनाई स्वस्थ तथा समुन्नत नेपाल निर्माण गरिने प्रतिबद्धतापत्रमा उल्लेख छ ।

**स्वतन्त्र नेपाल, सन्तुलित कूटनीति**

नेपालको असंलग्न परराष्ट्र नीतिलाई थप सुदृढ गर्दै राष्ट्रिय हित, सार्वभौमसत्ता र भौगोलिक अखण्डतालाई सर्वोच्च प्राथमिकता दिने प्रतिबद्धता व्यक्त गरेको छ । प्रतिबद्धता पत्रमा छिमेकी देशहरूसँगको सम्बन्धलाई प्राथमिकता दिई पारस्परिक सम्मान, विश्वास र लाभमा आधारित सन्तुलित सम्बन्ध विकास गर्ने लक्ष्य राखिएको छ । लिपुलेक, लिम्पियाधुरा, कालापानी जस्ता सीमा विवादहरू कूटनीतिक वार्ता र अन्तर्राष्ट्रिय कानुनका आधारमा समाधान गर्ने, सीमा व्यवस्थापन र नियमनलाई आधुनिक र प्रभावकारी बनाउने उल्लेख गर्दै प्रतिबद्धता पत्रमा भनिएको छ- संयुक्त राष्ट्रसंघ, सार्क, बिमस्टेकलगायत बहुपक्षीय मञ्चहरूमा नेपालको सक्रिय र सशक्त उपस्थिति कायम राखिने छ । असमान सन्धि-सम्झौताको पुनरावलोकन गरी पारस्परिक लाभमा आधारित नयाँ सम्झौताहरू गर्ने र आर्थिक कूटनीतिलाई प्राथमिकता दिई वैदेशिक लगानी, निर्यात प्रवर्द्धन, प्रविधि हस्तान्तरण, पर्यटन र रोजगारीका अवसर बढाउने नीति प्रतिबद्धता पत्रमा उल्लेख छ ।

**आत्मनिर्भर अर्थतन्त्र निर्माणका लागि सूचना प्रविधिको अधिकतम प्रयोग**

सूचना प्रविधिका लाभहरू समानरूपमा नागरिक तहसम्म पुर्‍याउन राज्यको सक्रिय भूमिका सुनिश्चित गरिने प्रतिबता व्यक्त गरिएको छ ।सुरक्षित, जिम्मेवार र समावेशी प्रयोगबाट डिजिटल डिभाइड हटाई नागरिक सशक्तीकरण गर्ने लक्ष्य लिइएको छ । प्रतिबद्धता पत्रमा विज्ञान तथा प्रविधि र नवप्रवर्तनलाई देशको समग्र रूपान्तरणको प्रमुख आधार बनाइने उल्लेख छ । यस क्षेत्रको विकास गरी रोजगारी सिर्जना, प्रतिस्पर्धात्मकता विकास र आत्मनिर्भर अर्थतन्त्र निर्माणमा महत्त्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गरिएको छ । त्यस अवसरमा प्रतिबद्धतापत्र मस्यौदा समितिका सदस्य प्रमेश हमालले पार्टीले आत्मसात गरेको दृष्टिकोणका आधारमा प्रतिबद्धतापत्रका विषयवस्तु तय गरिएको बताउनुभयो । नेकपाले प्रतिबद्धता लेखनका लागि नेता नारायणकाजी श्रेष्ठको संयोजकत्वमा २५ सदस्यीय समिति गठन गरेको थियो । प्रतिबद्धतापत्र सार्वजनिक कार्यक्रममा नेकपाका नेता एवं पूर्वप्रधानमन्त्री झलनाथ खनाल, नेत्री रञ्जिता श्रेष्ठ, नेताहरू वामदेव गौतम, अग्निप्रसाद सापकोटा, फम्फा भुसाल, डा वेदुराम भुसाललगायत सहभागी हुनुहुन्थ्यो । विभिन्न २६ वटा वाम घटक मिलेर नेकपा गठन भएको हो । रासस

## facebook twitter



**Narayan Gaunle**
facebook.com/narayangaunle

काम गर्न कति गाह्रो हुन्छ भन्ने बुझ्न 'छानबिन आयोग'लाई हेर्नुहोस् !

त्यत्रो ठूलो विद्रोह र विध्वंशपछि भएजति अधिकार र साधनस्रोत दिएर बनाएको शक्तिशाली आयोगले एउटा रिपोर्टसम्म दिन सकेन !

निष्पक्ष छानबिन गर्ने, दोषीलाई कडा कारवाही गर्ने र निर्वाचनमार्फत् नयाँ सरकार गठन गर्ने म्यान्डेट यो सरकारलाई थियो ! अब दुई वर्षपछि हुने निर्वाचन दुई वर्षअघि हुनेबाहेक थप उपलब्धि के त भन्ने प्रश्न उब्जिने भयो !

निर्वाचनपछि, जनताको फ्रेस जनमत र म्यान्डेटपछि कसैलाई दोषी करार गर्ने हो भने त्यो चुनाबकै अपमान हुनेछ । यत्तिकै ढिसमिस गर्ने हो भने त्यो आन्दोलनको अपमान हुनेछ । अब बन्ने सरकारमाथि यसको दोष आउने देखिन्छ ।

संविधान लेख्न कति गाह्रो भयो होला ? मधेशमा आगो थियो । एक मधेश एक प्रदेश भन्नेजस्तो अत्यन्त अव्यावहारिक माग थियो र त्यसलाई भारतको देखिने स्तरको समर्थन थियो । जनजाति संस्था पनि असन्तुष्ट थिए । देशमा भएजति सबै जातजातिलाई राज्य चाहिएको थियो । तीन दल तीनतिर फर्केका थिए । सबै दलका जनजाति मात्रै सांसद मिलेर छुट्टै मोर्चा कसेका थिए । देशमा एकदम अस्थिरता, तरलता र असन्तोषको बाढी थियो । सबैलाई खुशी पार्ने संविधान सम्भव थिएन। दुईवटा सिङ्गो कार्यकाल यसमा सकियो । आज संविधान जारी गर्दा देशको नेतृत्व गर्ने प्रधानमन्त्री सुशील कोइरालाको स्मृति दिवस पनि रहेछ !

बोल्न सजिलो छ । काम गर्न एकदम असजिलो छ! हरेक कदममा अँगार छ । छामी छामी हिँड्न पर्नेछ । उत्तेजना, गाली र आक्रोश एकदम सजिलो छ तर संयोजन र डेलिभरी एकदम मुश्किल छ । मुश्किल छ भनेर थचक्क बस्ने या कुलेलम कस्ने कुरो त भएन । भ्याए जति गर्ने र सके जति लड्ने हो ! हामी लड्ने भनेको मतपत्रमैं हो ! त्यसपछि मिलिजुली बस्ने हो !

# एक करोड ३७ लाख ९१ हजार मतपत्र छापिए

भञ्ज्याङ समाचारदाता/काठमाडौं

प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि ४७ जिल्लाका ११० निर्वाचन क्षेत्रका एक करोड ३७ लाख ९१ हजार मतपत्र छापिएका छन् । निर्वाचन आयोगका अनुसार डोल्पा, मुगु, जुम्ला, कालीकोट, हुम्ला, जाजरकोट, दैलेख, रूकुम (पश्चिम भाग), सल्ल्यान, सुर्खेत, बाजुरा, अछाम, बझाङ, डोटी, डडेल्धुरा, दार्चुला, बैतडी, कैलाली, कञ्चनपुर, पाँचथर, इलाम, तेह्रथुम, भोजपुर, ओखलढुङ्गा, सुनसरी, ताप्लेजुङ, सङ्खुवासभा, सोलुखुम्बु, खोटाङ, धनकुटा, बागलुङ, गुल्मी, झापा, गोरखा, म्याग्दी, पर्वत, बर्दघाट सुस्ता पश्चिम (नवलपरासी), मोरङ, उदयपुर, मुस्ताङ, लमजुङ, तनहुँ, स्याङ्जा, बर्दिया, रूकुम पूर्व, दाङ र बाँकेका मतपत्र छापिएका हुन् । दैनिक १५ लाख मतपत्र छपाइ भइरहेको छ।

यसैगरी, समानुपातिक निर्वाचन प्रणालीतर्फ दुई करोड आठ लाख ३० हजार मतपत्र छापिइसकेका छन् । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअन्तर्गत दुई करोड तीन लाख २३ हजार मतपत्र छाप्नुपर्नेछ ।

**योग गरौं, स्वस्थ जीवन अपनाऔं**

- नियमित व्यायाम तथा योगले तनावबाट राहत दिन्छ ।
- योग अभ्यासले शरीरलाई लचिलो, मनलाई शान्त र सोचलाई सकारात्मक बनाउँछ ।
- नियमित योगले उच्च रक्तचाप, मधुमेह, मोटोपन तथा तनावजन्य रोग नियन्त्रण गर्न मद्दत गर्छ ।
- बिहान वा साँझ कम्तिमा ३० मिनेट योग अभ्यास गर्ने बानी बसालौं ।
- योग गर्दा स्वच्छ वातावरण, खाली पेट र सहज आसनको प्रयोग गरौं।
- बालबालिका, युवा वृद्ध सबैका लागि योग लाभदायक छ ।
- योग उपचारात्मक भन्दा रोग निरोधात्मक विधि हो ।

**योग गरौं : स्वास्थ्य बनौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित भञ्ज्याङ राष्ट्रिय दैनिक पत्रिकाको लागि सम्पादक : नारायण खड्का ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । फोनः ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com मुद्रण :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४